# ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

## वार्षिक प्रगति प्रतिवेदन २०८२/८३[१]

## १. वर्तमान परिवेश

पारदर्शिता र जवाफदेहिताका मूल्यमान्यतालाई आत्मसात् गर्दै ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले विगत तीन दशकदेखि भ्रष्टाचार न्यूनीकरण र सदाचार प्रवर्द्धनका लागि निरन्तर आवाज उठाउँदै आएको छ। यद्यपि, आर्थिक वर्ष २०८२/०८३ को सुरुवाती समयसम्म आइपुग्दा नेपालमा राजनीतिक अस्थिरता, नीतिगत भ्रष्टाचार, दण्डहीनता र सार्वजनिक स्रोतको व्यवस्थापनमा समस्याहरु कायमै रहेका कारण आम जनतामा व्यापक निराशा र आक्रोश सिर्जना हुन गयो।




यही पृष्ठभूमीमा, सरकारले सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने कदम चालेपछि भदौ २३ गते काठमाडौंसहित देशभरका युवा (जेन-जी) सडकमा उत्रिए। सोही दिन राज्य पक्षबाट भएको दमन र मानवीय क्षतिपछि आन्दोलन उत्कर्षमा पुग्यो। भदौ २४ गते प्रदर्शन हिंसात्मक बन्दै सरकारी तथा निजी संरचनामा क्षति पुगेपछि देश सङ्कटकालको अवस्थाबाट गुज्रियो र अन्ततः प्रधानमन्त्रीले राजीनामा दिनुपर्‍यो। आन्दोलनरत युवाहरुको नेपाली सेना र राष्ट्रपतिसँगको समन्वयकारी भूमिकाबाट गठन भएको अन्तरिम सरकारले २०८२ फागुन २१ गते सफलतापूर्वक प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्‍यो। यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले ऐतिहासिक विजय हासिल गर्दै स्पष्ट बहुमतसहित नयाँ सरकार गठन गर्‍यो।

नयाँ सरकारले गठन हुनासाथ सुशासन र सदाचारको एजेन्डालाई प्राथमिकतामा राख्यो। सरकारले जेन–जी आन्दोलनका क्रममा दमन गरेको आरोपमा पूर्वप्रधानमन्त्री, नेता तथा कर्मचारीमाथि कारबाही अगाडि बढायो भने भ्रष्टाचारका अन्य मुद्दाहरुमा पनि धरपकड तीव्र बनायो। १०० बुँदे सुशासन मार्गचित्र जारी गर्दै उच्चपदस्थ व्यक्तिहरुमाथि अनुसन्धान, सम्पत्ति शुद्धीकरणसम्बन्धी छानबिन र प्रशासनिक निकायमा व्यापक हेरफेरको प्रक्रिया अघि बढाइयो। हालै सरकारले आफ्नो १०० दिने कार्यकालमा सुशासन सम्बन्धी विभिन्न कामहरु अघि बढाएकोलाई आफ्नो मुख्य सफलता बताएको छ। यद्यपि, यी कदमहरु निष्पक्ष हुनुपर्ने र त्यसमा राजनीतिक प्रतिशोधको छाया पर्न नहुनेतर्फ सचेत रहन उत्तिकै जरुरी छ। सुशासन स्थापना गर्ने यस्ता प्रयासहरुलाई विधिसम्मत र दिगो बनाउनु नै अहिलेको प्रमुख अवसर का साथै चुनौती पनि बनेको छ।

यसै चुनौतीपूर्ण परिवेशमा, टीआई नेपालले आफ्नो तीन दशक लामो अनुभव र संस्थागत सञ्जालको उपयोग गर्दै सुशासन प्रवर्द्धन, पारदर्शिताको सुदृढीकरण तथा नागरिक आवाजलाई थप सबल बनाउने कार्यमा आफूलाई केन्द्रित गर्दै आएको छ। सरकारका सुधारका कदमहरुलाई नागरिकको हितमा दिशानिर्देश गर्न र भ्रष्टाचारमुक्त समाज निर्माणको अभियानलाई निरन्तरता दिन टीआई नेपालको भूमिका महत्त्वपूर्ण बनेको छ।

## २. संस्थागत प्रगति

### संस्थागत निर्णयहरु

२०८२ कार्तिक १४ गते संस्थाले आफ्नो ३० औँ वार्षिक साधारण सभा सम्पन्न गर्‍यो। उक्त सभाले अघिल्लो आर्थिक वर्षको वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा आगामी वर्षको बजेट अनुमोदन गर्‍यो र बाह्य लेखापरीक्षकको

[१] ३१ औँ साधारणसभामा महासचिव डा. सागर राज शर्माद्वारा प्रस्तुत

पुनःनियुक्ति पनि स्वीकृत गर्‍यो। सो अवसरमा संस्थाका गतिविधिहरूको प्रभावबारे छलफल गरिनुका साथै सदस्यहरूबाट कार्यको प्रभावकारिता बढाउने सम्बन्धी सुझावहरू प्राप्त भए।



त्यसपश्चात् कार्यसमितिले समसामयिक विषयमा प्रेस विज्ञप्ति जारी गर्ने, नीति वकालत सुदृढ गर्ने तथा सरोकारवालासँग संवाद बढाउने कार्य गरेको छ। साथै, कार्यक्रम तथा परियोजनाको कार्यान्वयन समीक्षा गर्ने र संस्थागत प्रभावकारिता बढाउनेतर्फ विशेष ध्यान दिएको छ। यसै अवधिमा आचार–संहिताको कार्यान्वयन सुदृढ गर्ने, आबद्धता (Accreditation) सम्बन्धी प्रक्रिया अघि बढाउने तथा सदस्यता विस्तार गर्ने विषयहरूमा पनि समितिले निर्णय गरेको छ।

## आबद्धता नवीकरण

यस वर्ष समितिले ट्रान्सपरेन्सी इन्टरनेशनलको राष्ट्रिय अध्याय (National Chapter) का रूपमा संस्थाको आबद्धता नवीकरण गर्ने प्रक्रियाअन्तर्गत कार्य तथा व्यवस्थापन सूचकहरूका आधारमा ट्रान्सपरेन्सी इन्टरनेशनलसमक्ष स्व-मूल्याङ्कन प्रतिवेदन पेश गर्‍यो ।सो प्रतिवेदनको मूल्याङ्कनपछि ट्रान्सपरेन्सी इन्टरनेशनल बोर्डले श्रावण २०८२ मा टीआई नेपालको राष्ट्रिय अध्यायको पुनःआबद्धता आगामी तीन वर्षका लागि स्वीकृत गरेको छ।

## आचारसंहिता र आन्तरिक प्रणाली सुदृढीकरण

समितिले यस अवधिमा संशोधित आचारसंहिता लागू गरेको छ। कार्यसमितिका सदस्यहरूको विभिन्न क्षेत्रको संलग्नताको घोषणा, स्वार्थ बाझिने निर्णय प्रक्रियाबाट अलग रहने व्यवस्था लगायतका विषयसँग सम्बन्धित प्रावधानहरु यसमा समावेश गरिएको छ। संशोधित आचारसंहिताले सदस्यहरूले सार्वजनिक वा राजनीतिक जिम्मेवारी ग्रहण गर्दा संस्थालाई जानकारी गराउने तथा त्यस्तो अवधिमा संस्थाको सदस्यता स्थगन रहने व्यवस्था गरेको छ। यस्तै, संस्थाभित्रको आन्तरिक गुनासो तथा समाधान नीति २०८३ पनि स्वीकृत गरिएको छ।

## सदस्यता विस्तार

यस वर्ष सदस्यता विस्तारलाई पनि निरन्तरता दिँदै समितिले विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता बढायो । विविध पेशागत पृष्ठभूमि, कार्यअनुभव तथा विशेषज्ञता भएका व्यक्तिहरूलाई समेट्दै योग्यता, रुचि र स्वेच्छिक रुपमा समय योगदान दिने आधारमा नयाँ सदस्यहरु थप गरेको छ। यसले संस्थालाई थप अनुभव र ज्ञानले सम्पन्न बनाउँदै संस्थागत कार्यक्षमता सुदृढ गर्न सहयोग पुगेको छ।

| क्र.सं. | नयाँ सदस्यको नाम | पेशा |
|---|---|---|
| १ | श्री सुरेश प्रधान | उद्यम/व्यवसाय |
| २ | श्री शरद चन्द्र न्यौपाने | बिकाश कार्यक्रम सञ्चालन |
| ३ | श्री रमेश अधिकारी | परामर्श/लेखन |
| ४ | श्री काशीनाथ पण्डित | प्राविधिक शिक्षा |
| ५ | डा. प्रकाशचन्द्र भट्टराई | प्राध्यापन |
| ६ | श्री ज्योति थापा | कानुन व्यवसाय |
| ७ | श्री ध्रुव अधिकारी | लेखापरीक्षण |
| ८ | डा. दीपेश कुमार घिमिरे | प्राध्यापन |
| ९ | श्री लीलामणि न्यौपाने | शैक्षिक परामर्श |

## हार्दिक श्रद्धाञ्जली



हालै (२०८३ श्रावण १), संस्थाले आफ्ना संस्थापक तथा पूर्वअध्यक्ष, पूर्वमन्त्री, अर्थशास्त्री एवम् सुशासन र सदाचारका अग्रणी अभियन्ता डा. देवेन्द्रराज पाण्डेयलाई गुमाएको छ । उहाँको दूरदृष्टि, सिद्धान्तनिष्ठ नेतृत्व र भ्रष्टाचारविरुद्धको अडिग प्रतिबद्धताले नेपालमा पारदर्शिता र सुशासनको अभियानलाई संस्थागत आधार प्रदान गरेको थियो। आफ्नो बौद्धिक स्पष्टता, निष्पक्ष सोच र उच्च नैतिक आचरणका साथ उहाँले विभिन्न सार्वजनिक जिम्मेवारीमा रही राष्ट्रको सेवामा पुर्‍याउनुभएको अतुलनीय योगदान सदैव स्मरणीय रहनेछ।

यसै वर्ष अन्य दुई सदस्यहरू—वरिष्ठ अर्थशास्त्रीद्वय डा. मीना आचार्य र केशव आचार्यलाई पनि संस्थाले आफ्नो माझबाट गुमाएको छ। समाजमा उच्च विश्वसनीयता हासिल गर्नुभएका उहाँहरूले राज्यका विभिन्न निकाय तथा टीआई नेपालमा समेत रही महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको कुरा सबैलाई विदितै छ।



ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल उहाँहरूको असामयिक निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै प्रेरणादायी जीवन, मूल्य–मान्यता र आदर्शप्रति उच्च सम्मान प्रकट गर्दछ।

## नीतिगत वकालत र सार्वजनिक धारणा

देशका समसामयिक विषयहरूमा नियमित रूपमा यस अवधिमा समितिले आधिकारिक धारणा सार्वजनिक गरेको छ। विवादास्पद नीतिगत प्रस्ताव तथा कानुनी संशोधन, बढ्दो भ्रष्टाचारको प्रवृत्ति तथा ‘जेन–जी’ आन्दोलनसँग सम्बन्धित विषयहरूमा प्रतिक्रिया जनाउँदै सार्वजनिक धारणा जारी गरेको छ। साथै, सुशासन सुधारका १०० बुदे कार्यसूची तथा भ्रष्टाचार नियन्त्रणसम्बन्धी पहलहरूको सुरुवातको समेत प्रशंसा गरेको छ। यसै क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेज्यूसँग भेट गरी सरकारको भ्रष्टाचार सम्बन्धी १०० बुँदे कार्ययोजना कार्यान्वयनमा जोड दिन आग्रह गरिएको छ।

## निर्वाचन तथा लोकतान्त्रिक प्रक्रियामा योगदान

यस अवधिमा प्रतिनिधिसभा निर्वाचन २०८२ को सन्दर्भमा स्वच्छ, पारदर्शी र निष्पक्ष निर्वाचनको आवश्यकता औंल्याउँदै समितिले सम्पूर्ण सरोकारवाला निकायहरूको गम्भीर ध्यानाकर्षण गराएको थियो। विशेष गरी निर्वाचनका समयमा हुन सक्ने अपारदर्शी खर्च, भड्किलो प्रचारप्रसार तथा गैरकानुनी



आर्थिक गतिविधिहरूलाई नियन्त्रण गरी नागरिकको मताधिकारलाई प्रभावमुक्त र सुरक्षित राख्न सम्बन्धित पक्षहरूलाई अपिल गरिएको थियो।

## भ्रष्टाचार अवधारणा सूचकाङ्क र नीतिगत बहस

यसै वर्ष ‘भ्रष्टाचार अवधारणा सूचकाङ्क (Corruption Perceptions Index – CPI) २०२५’ सम्बन्धी तथ्याङ्क सार्वजनिक गर्दै संस्थाले देशको भ्रष्टाचारको वर्तमान अवस्थालाई उजागर गरेको छ। यसमा नेपालले १०० मा ३४ अङ्क मात्र प्राप्त गरेको तथ्यले भ्रष्टाचार नियन्त्रणमा राज्य संयन्त्रको निरन्तर असफलतालाई पुनः स्पष्ट पारेको छ। यस सूचकांकमार्फत सुशासन कायम गर्न, गैरकानुनी गतिविधि नियन्त्रण गर्न तथा स्वच्छ राजनीतिक अभ्यासलाई प्रवर्द्धन गर्न आवश्यक सुझावहरू प्रस्तुत गरेको छ। भ्रष्टाचार अवधारणा सूचकांक अहिले केही सरकारी योजनाहरू र राजनीतिक दलका घोषणापत्रहरूमा सुशासन मापन गर्ने सूचकका रूपमा रहन गएको छ।




## परियोजना कार्यान्वयन तथा बहुआयामिक गतिविधि

यस अवधिमा संस्थाले दुई प्रमुख परियोजनामार्फत आफ्ना कार्यक्रमहरू सञ्चालन गऱ्यो। पहिलो, Governance Initiative Nepal (GIN) परियोजनामार्फत सार्वजनिक सेवा प्रवाह सुधार, जवाफदेहिता अभिवृद्धि तथा नागरिक सहभागितासम्बन्धी गतिविधिहरू सञ्चालन भए। यस परियोजना अन्तर्गत सरकार, नागरिक तथा सञ्चार क्षेत्रसँग सहकार्य गर्ने प्रयास गरेको छ । २०२६ अप्रिलमा अन्त्य भएको Climate Governance Integrity Project (CGIP) मार्फत जलवायु शासनमा जवाफदेहिता र सदाचार केन्द्रित अध्ययन र जनचेतना कार्यहरू सम्पन्न भए। यस परियोजनाले स्थानीय तहदेखि प्रदेश तहसम्म जलवायु सुशासनसम्बन्धी सुधारका आधारहरू निर्माण गर्न आवश्यक योगदान पुऱ्यायो।

## सामाजिक जवाफदेहिता तथा सामुदायिक संलग्नता

परियोजनामार्फत अघिल्लो वर्षझैँ सार्वजनिक सुनुवाइ तथा गुनासो सङ्कलनमार्फत संस्थाले नागरिकका आवाजहरू सरोकारवालासम्म पुऱ्यायो। साथै, महिलाहरू तथा संवेदनशील समुदायहरूलाई सशक्त बनाउँदै वातावरणीय संरक्षणका विषयमा समुदाय–सरकार संवाद प्रवर्द्धन गऱ्यो। सीमान्तकृत समुदायहरूको गुनासो सम्बोधनमा विशेष ध्यान केन्द्रित गर्दै अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक सेवा प्राप्त गर्ने क्रममा भोगेका समस्याहरूका बारेमा स्थानीय सरकारको ध्यानाकर्षण गराएको छ।



## प्रचार, सचेतना तथा सञ्चार अभियान

अघिल्लो वर्षझैँ यस वर्ष पनि संस्थाले परियोजनामार्फत रेडियो तथा टेलिभिजन कार्यक्रम, प्रकाशन सामग्री, छापा सन्देश, सामाजिक सञ्जाल तथा विभिन्न गतिविधिमार्फत भ्रष्टाचारविरुद्ध सचेतना अभिवृद्धि गऱ्यो। अन्तरक्रिया तथा सार्वजनिक कार्यक्रमहरूमार्फत संस्थाले समुदायसम्म आफ्ना सन्देशहरू पुऱ्यायो। साथै, अन्तर्राष्ट्रिय भ्रष्टाचारविरोधी दिवसको अवसरमा १४ जिल्लामा सडक कार्यक्रमहरू सञ्चालन गरी समुदायस्तरमा भ्रष्टाचारविरुद्धको संलग्नता बढाउने प्रयास गऱ्यो।संस्थाको फेसबुक (tinepal/facebook) मार्फत सम्पन्न गतिविधिहरू नियमित रूपमा सम्प्रेषण गरियो।



## युवा सशक्तीकरण तथा राजनीतिक सदाचार

यस वर्ष पनि विश्वविद्यालय तथा कलेजका युवा तथा विद्यार्थी लक्षित सदाचारसम्बन्धी सन्देश र छलफलहरू संस्थाले परियोजनामार्फत सञ्चालन गऱ्यो। साथै, जलवायु सुशासन र सामाजिक जवाफदेहितासम्बन्धी समकक्षी संवाद र बहसहरू आयोजना गरी नैतिकता, पारदर्शिता तथा नागरिक उत्तरदायित्वबारे सचेतनामूलक गतिविधिहरू सञ्चालन गऱ्यो। यस्तै जेन–जी युवाहरू र दल प्रतिनिधि सँग भ्रष्टाचार नियन्त्रणका भावी कार्यदिशाबारे छलफलहरू आयोजना गऱ्यो।




## अनुसन्धानमा आधारित कार्य

यसैगरी सार्वजनिक सेवा प्रवाहको गुणस्तर कस्तो छ भन्ने मूल्याङ्कन गर्न संस्थाले परियोजनामार्फत नेपालका ७ वटै प्रदेशका राजधानीमा रहेका मुख्य सरकारी कार्यालयबारे तथ्याङ्क सङ्कलन गरेको छ। साथै, प्रमुख विश्वविद्यालयहरूले प्रदान गरिरहेका अनलाइन सेवाहरूको प्रभावकारिता सम्बन्धी सर्वेक्षण कार्य पनि सुरु गरेको छ। यस्तै पूर्वाधारमा स्वार्थको द्वन्द्व, सदाचार प्रणाली तथा सार्वजनिक खरिदसम्बन्धी अध्ययन सम्पन्न गरेको छ। संस्थाले यी अध्ययनहरूबाट प्राप्त नीतिगत सुधारका सुझावहरू सम्बन्धित सरोकारवाला संस्थाहरूलाई प्रदान गरेको छ।

## अन्तर्राष्ट्रिय सहभागिता तथा अनुभव आदान–प्रदान

यस अवधिमा अध्यक्ष, कार्यकारी निर्देशक तथा परियोजना संयोजकहरूले क्रमशः अन्तर्राष्ट्रिय मुद्रा कोषको वार्षिक बैठक, कोष सङ्कलन कार्यशाला, राष्ट्रिय च्याप्टरबीच परियोजना अनुभव आदान–प्रदान तथा जलवायुसम्बन्धी कार्यशालामा सहभागिता जनाए। ती कार्यक्रमहरूबाट प्राप्त अनुभव र सिकाइलाई संस्थाभित्र साझा गर्दै संस्थागत सम्बन्ध, सिकाइ तथा ज्ञान अभिवृद्धि गर्न पहल गरिएको छ।

## ३. आर्थिक स्थिति

### आम्दानी तथा खर्च

आर्थिक वर्ष २०८२/०८३ को विस्तृत वित्तीय विवरण लेखापरीक्षण सम्पन्न भएपछि अद्यावधिक गरी संस्थाले सदस्यज्यूहरूलाई उपलब्ध गराएको छ। संस्थाको आय मुख्यतः दातृ सहयोग, सदस्यता शुल्क तथा बैंक ब्याज रहेको छ। यी स्रोतहरू परियोजना कार्यान्वयन तथा संस्थागत सञ्चालनमा प्रयोग भएका छन्। खर्चको ठूलो हिस्सा कार्यक्रम तथा परियोजना कार्यान्वयनमा केन्द्रित रहेको छ।

**बजेट र आम्दानी/खर्च विवरण २०८२/०८३**

**आम्दानी**

| आम्दानीको स्रोत | अनुमानित आम्दानी (रु.) | वास्तविक आम्दानी (रु.) |
|---|---|---|
| बैंक ब्याज, अन्य | ७,००,००० | ५,९२,८२७ |
| सदस्यता शुल्क | ५०,००० | ६९,००० |
| परियोजना सहयोग | १,१९,५०,००० | १,२२,९७,४१६ |
| डिफर्ड रेभिन्यु | - | ३,३९,६९४ |
| **कुल आम्दानी** | **१,२७,००,०००** | **१,३२,९८,९३७** |

**खर्च**

| खर्चका शीर्षकहरू | विनियोजित बजेट (रु.) | वास्तविक खर्च (रु.) |
|---|---|---|
| मानव संसाधन (तलब) | ४५,००,००० | ४७,७०,४४५ |
| प्रशासनिक खर्च | १८,००,००० | १६,९२,७५४ |
| कार्यक्रम / गतिविधि | ६२,००,००० | ६१,२७,७५९ |
| ह्रास कट्टी | - | ३,३५,४०४ |
| बचत / घाटा | २,००,००० | ३,७२,५७६ |
| **कुल खर्च** | **१,२७,००,०००** | **१,३२,९८,९३७** |

### परियोजना र टिआईएनको कुल आम्दानी खर्च विवरण

| विवरण | प्रारम्भिक मौज्दात (रु.) | आम्दानी (रु.) | खर्च (रु.) | मौज्दात (रु.) |
|---|---|---|---|---|
| CGIP | ५९,८३,१५९ | ३,९८,०६८ | ४५,१८,३९४ | १८,६२,८३३ |
| GIN/GIN-S | १८,३०,१२९ | १,०५,६८,३११ | ७७,७९,०२३ | ४६,१९,४१७ |
| TIN | ४९,१६,६७१ | १०,३४,२४९ | ६,६१,६७३ | ५२,८९,२४७ |
| **कुल आम्दानी तथा खर्च** | **१,२७,२९,९५९** | **१,२०,००,६२७** | **१,२९,५९,०८९** | **१,१७,७१,४९७** |

## सञ्चित कोष तथा चल–अचल सम्पत्ति

यस आर्थिक वर्षको अन्त्यसम्म रु. १.९० करोड रकम सञ्चित रहेको छ, जुन विभिन्न बैंक खाताहरूमा सुरक्षित रुपमा व्यवस्थापन गरिएको छ। यो रकम २६ वर्षको अवधिमा दाताहरूबाट प्राप्त अक्षयकोष, परियोजना ओभरहेड, विनिमय दर अन्तरबाट प्राप्त आम्दानी, बैंक ब्याज, सदस्यता शुल्क तथा प्रकाशन सामग्री बिक्रीबाट जम्मा भएको हो। साथै, संस्थासँग आवश्यक सवारीसाधन, प्रविधिमैत्री पूर्वाधार तथा कार्यालय सामग्रीहरु पनि उपलब्ध रहेका छन्।

## आगामी वर्षको बजेट: आर्थिक वर्ष २०८३/८४

आर्थिक वर्ष २०८३/८४ का लागि करिब रु. १.२१ करोड बराबरको बजेट प्रस्ताव गरिएको छ, जसमा विभिन्न परियोजना तथा संस्थागत गतिविधिहरु समेटिएका छन्।

### अनुमानित आय

| विवरण | रकम (रु.) |
|---|---|
| बैंक ब्याज | ४००,००० |
| सदस्यता शुल्क | ६०,००० |
| टी आई नेपाल अनुदान | ५४०,००० |
| GIN परियोजना पेस्की | १,११,००,००० |
| **जम्मा अनुमानित आय** | **१,२१,००,०००** |

### अनुमानित खर्च

क) टी आई नेपाल

| शीर्षक | रकम (रु.) |
|---|---|
| मानव संसाधन | ४००,००० |
| प्रशासन / ओभरहेड | २००,००० |
| गतिविधिहरु | ४००,००० |
| **जम्मा** | **१,०००,०००** |

(ख) GIN परियोजना

| शीर्षक | रकम (रु.) |
|---|---|
| मानव संसाधन | २,७००,००० |
| प्रशासन | १,३००,००० |

| शीर्षक | रकम (रु.) |
|---|---|
| गतिविधिहरू | ७,१००,००० |
| जम्मा | ११,१००,००० |
| **जम्मा अनुमानित खर्च** | **१,२१,००,०००** |

## ४. निष्कर्ष

यस वर्ष राजनीतिक अस्थिरता तथा त्यसबाट सिर्जित भ्रष्टाचारका चुनौतीहरू कायम रहँदा पनि ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सुशासन प्रवर्द्धन, पारदर्शिता अभिवृद्धि र नागरिक सहभागिता सुदृढीकरणका लागि निरन्तर प्रयास गर्यो। यस अवधिमा संस्थागत सुशासन, पारदर्शिता तथा वित्तीय अनुशासन कायम राख्दै आफ्ना कार्यहरूलाई नियमित रूपमा अघि बढायो। परिवर्तित राष्ट्रिय सन्दर्भमा सुशासन प्रवर्द्धनका केही नयाँ अवसरहरू पनि सिर्जना भए, जसलाई संस्थाले सकारात्मक रूपमा लियो। साथै, उपलब्ध अवसरहरूसँगै केही सावधानी तथा चुनौतीका विषयहरूलाई पनि ध्यानमा लियो। आगामी दिनहरूमा आफ्नो प्रभावकारिता अझ वृद्धि गर्ने तथा नीतिगत रूपान्तरणमा थप योगदान पुर्‍याउने लक्ष्य संस्थाले लिएको छ। यसका लागि सम्पूर्ण साझेदार, सरोकारवाला र सदस्यज्यूहरूको सहयोग महत्त्वपूर्ण रहनेछ।

## ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

### कार्यसमिति सदस्य (९)

श्री मदनकृष्ण शर्मा, अध्यक्ष
श्री सुरेन्द्र वीर मालाकार, उपाध्यक्ष
डा. सागरराज शर्मा, महासचिव
श्री सुनिता गुरुङ, कोषाध्यक्ष
श्री लिलाप्रसाद सापकोटा, सदस्य
श्री महेन्द्र नारायण श्रेष्ठ, सदस्य
श्री सरोजप्रसाद पाण्डे, सदस्य
श्री सीता भट्ट, सदस्य
श्री शरद चन्द्र न्यौपाने, सदस्य

### मानार्थ सदस्य (३)

श्री केदार भक्त माथेमा – मानार्थ सदस्य
श्री कृष्णप्रसाद भण्डारी – मानार्थ सदस्य
डा. भगवान कोइराला – मानार्थ सदस्य

### सदस्य (५८)

श्री विष्णु बहादुर केसी, सदस्य
श्री भरत बहादुर थापा, सदस्य
श्री खेमराज रेग्मी, सदस्य
श्री पद्मिनी प्रधानाङ्ग, सदस्य
श्री आदित्य मान श्रेष्ठ, सदस्य
श्री रामकृष्ण मानन्धर, सदस्य
श्री महादेव प्रसाद यादव, सदस्य
डा. राम दयाल राकेश, सदस्य
श्री बुद्धिनारायण श्रेष्ठ, सदस्य
श्री शरच्चन्द्र वस्ती, सदस्य
श्री मुकुन्द बहादुर प्रधान, सदस्य
श्री किरण थापा, सदस्य
डा. पोषराज पाण्डे, सदस्य
डा. विश्व केशर मास्के, सदस्य
श्री तोया गुरुङ, सदस्य
डा चिन्तामणि योगी, सदस्य
श्री भीम बहादुर श्रेष्ठ, सदस्य
श्री कृष्ण ज्ञवाली, सदस्य
श्री आर्या श्रेष्ठ, सदस्य
श्री सीताराम अग्रहरी, सदस्य
श्री हरिबहादुर थापा, सदस्य
श्री रोजी अधिकारी पनेरु, सदस्य
श्री राजेश कुमार जोशी, सदस्य
राष्ट्रिय व्यावसायिक पहल, संस्थागत सदस्य
श्री दीपकुमार उपाध्याय, सदस्य
डा. प्रेम राज पन्त, सदस्य
डा. सुरेश राज चालिसे, सदस्य
डा. विजय केसी, सदस्य
डा. अनुसुया जोशी, सदस्य
डा. ईश्वर प्रसाद उपाध्याय, सदस्य
श्री भोजराज पोखरेल, सदस्य
डा. रेवत बहादुर कार्की, सदस्य
डा. विमल प्रसाद कोइराला, सदस्य
श्री पवन कुमार ओझा, सदस्य
श्री जयराम सिंह बोहरा, सदस्य
श्री प्रकाश ए राज, सदस्य
श्री दोलख बहादुर गुरुङ, सदस्य
डा. सूर्य प्रसाद शर्मा ढुङ्गेल, सदस्य
श्री राजुमान सिंह मल्ल, सदस्य
श्री राम प्रसाद श्रेष्ठ, सदस्य
श्री गीता अर्याल, सदस्य
श्री खेमराज पाण्डे, सदस्य
श्री सुरेन्द्र बहादुर भारीजु, सदस्य
श्री चण्डेश्वर आचार्य, सदस्य
श्री सगुना शाह, सदस्य
श्री सरस्वती पोखरेल, सदस्य
श्री सुष्मा कर्ण, सदस्य
श्री टंकमणि शर्मा दंगाल, सदस्य
श्री चन्द्र किरण श्रेष्ठ जोशी, सदस्य
श्री दीपकराज जोशी, सदस्य
श्री सुरेश प्रधान, सदस्य
श्री रमेश अधिकारी, सदस्य
श्री काशीनाथ पण्डित, सदस्य
डा. प्रकाश चन्द्र भट्टराई, सदस्य
श्री ज्योती थापा, सदस्य
श्री ध्रुव अधिकारी, सदस्य
डा. दिपेश कुमार घिमिरे, सदस्य
श्री लीलामणि न्यौपाने, सदस्य

## ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

### आवद्ध संस्था (१४)

| | |
|---|---|
| **कोशी प्रदेश** | १. इलाम – महिला जागरण संघ; २. मोरङ – नागरिक सरोकार मञ्च–नेपाल ; ३. सुनसरी – संकल्प समुदायमा आधारित पुनर्स्थापना नेपाल ; ४. उदयपुर – मानव अधिकार तथा वातावरण विकास केन्द्र |
| **बागमती प्रदेश** | ५. धादिङ – मानव अधिकार सचेतना तथा विकास केन्द्र ; ६. चितवन – भ्रष्टाचार विरुद्ध अभियान |
| **गण्डकी प्रदेश** | ७. कास्की – सुशासनका लागि नागरिक समाज |
| **लुम्बिनी प्रदेश** | ८. रुपन्देही – पारदर्शी नेपाल सिद्धार्थनगर ; ९. पारदर्शी सरोकार समूह, बुटवल ; १०. गुल्मी – सुशासन अभियान ; ११. बाँके – बागेश्वरी असल शासन क्लब |
| **कर्णाली प्रदेश** | १२. सुर्खेत – नागरिक सरोकार संघ |
| **सुदूरपश्चिम प्रदेश** | १३. कैलाली – सदाचारका लागि सामाजिक पहल; १४. दार्चुला – समाज कल्याण समाज |

### सचिवालय (७)

आशिष थापा - कार्यकारी निर्देशक
तुम्बुरु गौतम - परियोजना संयोजक
बविता शर्मा - परियोजना संयोजक
विनोद भट्टराई - परियोजना संयोजक
शारदा नेपाली - कार्यक्रम अधिकृत
शिशोर घोला - कार्यालय सहायक
राजु बानिया - पारवहन सहायक